# सैनिक (हवाई परिवहन) नियमावली, २०३०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०३०।७।२७

संशोधन

सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० २०७०।१।३०

सैनिक ऐन, २०१६ को दफा ११ र दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "सैनिक (हवाई परिवहन) नियमावली, २०३०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) "शाखा" भन्नाले नियम ३ बमोजिम गठित नेपाली सेनाको हवाई परिवहन शाखालाई सम्झनुपर्छ ।

(ख) "चालक दल" भन्नाले सैनिक ऐन, नियम र शर्तनामा बमोजिम भर्ना गरिएका विभिन्न दर्जाका चालक, नेभिगेटर, इन्जीनीयर, स्टेवार्ड, एयरहोस्टेस र फिल्ड वर्करहरू समेतलाई सम्झनु पर्छ ।

(ग) "चालक " भन्नाले वायूयान चलाउन नियम ६ बमोजिमको प्रमाणपत्र प्राप्त व्यक्तिलाई सम्झनुपर्छ ।

(घ) "गैर सैनिक व्यक्ति" भन्नाले सैनिक सेवामा नरहेका व्यक्तिलाई सम्झनुपर्छ ।

३. **हवाई परिवहन शाखा** : नेपाल सरकारले नेपाली सेनाको परिवहनको आवश्यकतानुसार पदहरू सहितको नेपाली सेना अन्तर्गत हवाई परिवहन शाखाको गठन गर्नेछ ।



नेपाल कानून आयोग

४. **चालकहरूको भर्ना, पदोन्नति र सरुवा** : (१) शाखामा चालक भर्ना गर्दा उमेर र पदोन्नतिको हकमा नेपाली सेना प्राविधिक सेवा नियमहरू, २०१९ को अधिनमा रही भर्ना गरिनेछ ।

(२) कमाण्ड लाइसेन्स प्राप्त गरेको चालकलाई नेपाली सेनाको एक्टी॰ सह-सेनानी दर्जामा र सो भन्दा तल्लो प्रमाणपत्र प्राप्त गरेका चालकलाई उप-सेनानी दर्जामा भर्ना गरिनेछ ।

(३) उप-नियम (२) बमोजिम भर्ना गरिएका चालकलाई विशेष सैनिक तालीम दिइनेछ ।

(४) वायुयान सञ्चालन तालीममा भाग लिएका सैनिकले चालकको प्रमाणपत्र प्राप्त गर्न सकेमा शाखामा सरुवा गर्न सकिनेछ । यसरी सरुवा भएका सैनिकलाई यसै नियमावली बमोजिमको सुविधा दिइनेछ ।

तर-

चालक दलमध्येका कुनै सैनिक नेपाली सेनाको अन्य शाखामा सरुवा भएमा निजले चालक दलको सदस्य भई पाएको भत्ता सुविधा पाउने छैन ।

५. **गैर सैनिक व्यक्तिको नियुक्ति** : (१) नेपाल सरकारले आवश्यक ठानेमा गैर सैनिक व्यक्तिलाई र विदेशी नागरिकलाई पनि शाखामा भर्ना गर्न सक्नेछ ।

तर विदेशी नागरिकलाई भर्ना गर्दा अस्थायी रुपले मात्र भर्ना गरिनेछ ।

(२) उप-नियम (१) बमोजिम भर्ना गरिएका व्यक्तिको सेवा शर्त निजलाई भर्ना गरिंदाको शर्तनामा बमोजिम हुनेछ । यस नियम अन्तर्गत भर्ना भएकै कारणले त्यस्तो व्यक्ति नेपाली सेनामा भर्ना भएको मानिने छैन ।

६. **प्रमाणपत्र समिति** : (१) चालक दलको प्रमाणपत्र दिन देहायका अधिकृतहरू भएको एउटा समिति रहनेछ :-

(क) प्रधान सेनापति- अध्यक्ष

(ख) प्रबन्ध रथी- सदस्य



नेपाल कानून आयोग

(ग) सैनिक विनय निर्देशक- सदस्य

(घ) शाखाको मुख्य चालक- सदस्य

(ङ) खाद्यान्नाधिकृत- सदस्य-सचिव

(२) उप-नियम (१) बमोजिमको समितिको प्रतिवेदन र मुख्य चालकहरूको सिफारिशमा प्रधान सेनापतिद्वारा प्रमाणपत्र प्रदान गरिनेछ ।

७. **तलब भत्ता** : चालक दलको तलब र भत्ता नेपाली सेनाको प्राविधिक स्केल बमोजिम हुनेछ ।

तर चालकलाई देहाय बमोजिमको थप भत्ता दिइनेछ :-

(क) आफ्नो दर्जाको तलबमा पचास प्रतिशत थप हवाई भत्ता ।

(ख) बायुयान चलाउने योग्यता रहेसम्म एक आर्थिक वर्षमा तीस घण्टा भन्दा बढी समयसम्म उडान गरेको भएमा दुईसय रुपैयाँ प्रति महीना Çलाइ· वाउण्टी ।

(ग) उप-सेनानीदेखि माथिको दर्जाकाले कमाण्ड कोर्ष गरी सम्बन्धित वायूयान तर्फको क्याप्टेन भई काम गर्दा देहायबमोजिम कमाण्ड भत्ता मध्ये कुनै एक कमाण्ड भत्ता :-

(अ) जेट वायुयान उडान गर्दा तीनसय रुपैयाँ प्रति महिना ।

(आ) हेलीकप्टर उडान गर्दा चारसय रुपैयाँ प्रति महीना ।

(इ) स्टोल वायुयान उडान गर्दा पाँचसय रुपैयाँ प्रति महीना ।

(ई) डी. सी. ३ किसिमको वायूयान उडान गर्दा दुईसय पचास रुपैयाँ प्रति महीना ।

(घ) प्रमुख सेनानीदेखि सहायक रथी दर्जाका चालकलाई उडान काममा नलगाई हवाई परिवहन शाखामा बसी प्रशासकीय वा स्टाफ सम्बन्धी काम लगाइएकोमा सहायक रथीलाई पाँचसय रुपैयाँ, महा सेनानीलाई

नेपाल कानून आयोग

चारसय रुपैयाँ र प्रमुख सेनानीलाई तीनसय पचास रुपैयाँको दरले मासिक स्टाफ भत्ता दिइनेछ ।

तर स्टाफ भत्ता वा कमाण्ड भत्ता मध्ये कुनै एक भत्ता मात्र त्यस्तो चालकले पाउन सक्नेछ ।

(३) देहायको समयभित्र उडान गरेमा चालक दलका प्रत्येक सदस्यलाई देहायमा लेखिएको खाना र जलपान खर्च दिइनेछ ।

(क) ०७०० बजेदेखि १००० बजेभित्र उडान गरेमा जलपान (ब्रेक फाष्ट) वापत दश रुपैयाँ,

(ख) १००० बजेदेखि १५०० बजेभित्र उडान गरेमा दिउँसोको खाना (लञ्च) बापत सोह्र रुपैयाँ,

(ग) ०७०० बजेदेखि १५०० बजेसम्म उडान गरेमा जलपान (ब्रेक फाष्ट) तथा दिउँसोको खाना (लञ्च) वापत क्रमशः दश र सोह्र रुपैयाँ ।

(४) उप-नियम (३) मा लेखिएको खाना र जलपान खर्चको साथै उडान गरी बाहिर रात बसेको चालक दलका प्रत्येक सदस्यले त्यस्तो रात बस्नु परेमा [*]सैनिक सेवा नियमावली, २०६९ बमोजिम दैनिक भत्ता समेत पाउनेछ । यसरी दैनिक भत्ता लिएको अवधिको लागि राशन सुविधा दिइने छैन ।

८. **बीमा** : प्रत्येक वायुयान तथा प्रत्येक चालक दलको आवश्यकतानुसार बीमा गर्न सकिनेछ ।

९. **अन्य प्राविधिकको तलब भत्ता** : सैनिक सेवामा नरहेका शाखाका अन्य प्राविधिकको तलब भत्ता नेपाल सरकारले समय समयमा तोकिदिएको स्केल बमोजिम हुनेछ ।

१०. **ओभरटाइम भत्ता** : सेवाका कुनै प्राविधिकले दिनमा आठ घण्टा काम गरिसकेपछि सोही दिन पुनः अड्डा प्रमुखले काम लगाएमा निजको मासिक तलबको एक प्रतिशत प्रति घण्टा ओभरटाइम भत्ता दिइनेछ ।

---

[*] सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

११. **विदा** : शाखामा रहेका व्यक्तिले [&]सैनिक सेवा नियमावली, २०६९ बमोजिमको बिदा पाउन सक्नेछ ।

१२. **शाखाले लाग्ने खर्च लिई जनहितको लागि उडान गर्न सक्ने** : नेपाल सरकारबाट बाढी, भूकम्प, आगलागी, अनिकाल पीडितहरूतर्फ सहायता पुऱ्याउन र विमान हराएमा, पर्वतारोही र हराएका अन्य व्यक्तिको उद्धार कार्यमा वा खाद्यान्न वा आवश्यक अरू सामान वितरण गर्ने कार्यमा वा संक्रामक रोग निरोध र उपचारको कार्यमा गरिने उडान र अन्य यस्तै शंकटकालीन समयमा जनहित कार्यको निमित्त उडान गर्न लेखी आएमा नेपाली सेनाको कामको अतिरिक्त फुर्सतको समयमा सो कार्यको लागि उडान गर्न सकिने छ र सो उडान गर्न लागेको खर्च सम्बन्धित मन्त्रालय वा कार्यालयले व्यहोर्नु पर्नेछ । त्यस्तो उडानमा जाने अरू व्यक्ति र वायुयानको आवश्यकतानुसार बीमा गराउनु पर्ने उत्तरदायित्व सोही मन्त्रालय वा कार्यालयको हुनेछ ।

**स्पष्टीकरण** : यस नियमको प्रयोजनको लागि उडान खर्च निर्धारण गर्दा फ्यूल लुब्रिकेशनको खर्च, निरीक्षण र त्यस बखत पर्ने सामान्य मर्मत खर्च चालक दलको फ्लाइङ्ग लाइसेन्स र अन्य सुविधा खर्च समेत समावेश गरी निर्धारण गर्नुपर्छ ।

१३. **पालन गर्नु पर्ने** : सैनिक बायुयानले गैर सैनिक विमान स्थलहरूको प्रयोग गर्दा वा वायु मार्गमा उडान गर्दा हवाई यातायातका पथ प्रदर्शन र सुरक्षा सम्बन्धी सम्पूर्ण गैर सैनिक नियम र आदेशहरू पालन गर्नु पर्नेछ ।

१४. **बचाउः** यस नियमावलीमा लेखिए जतिमा यसै नियमावली बमोजिम र अरूमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

---

[&] सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

टिप्पणी :- १. सैनिक (तेस्रो संशोधन) ऐन, २०४० द्वारा "शाही सेना" को सट्टा "शाही नेपाली सेना" राखी रूपान्तर गरिएको ।

२. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" राखी रूपान्तर गरिएको ।

३. सैनिक ऐन, २०६३ द्वारा "शाही नेपाली सेना" को सट्टा "नेपाली सेना" राखी रूपान्तर गरिएको ।

४. सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा नियमहरुको ठाउँ ठाउँमा रहेको "शाही" भन्ने शब्द झिकिएको ।



नेपाल कानून आयोग